मिति २०७४/०१/२५ मा बसेको आ.व. ०७३/०७४ को १४ औं सचिव बैठकका निर्णयहरु

| क्र.सं. | निर्णयहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुगमन गर्ने निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| १. | वातावरण संरक्षणका सम्बन्धमा सम्मानीत सर्वोच्च अदालतबाट भएको आदेश कार्यान्वयन गर्न सरोकारवाला मन्त्रालय निकायहरुले दीर्घकालीन, मध्यकालीन र अल्पकालीन योजना बनाई प्रधानमन्त्री तथा मान्त्रिपरिषद्को कार्यालयमा पठाउने अघिल्लो सचिव बैठकको निर्णयानुसार हाल सम्म ४ वटा मन्त्रालय/निकायबाट मात्र कार्ययोजना प्राप्त भएकोले कार्ययोजना पठाउन बाँकी सबै मन्त्रालय निकायले सात दिन भित्र अनिवार्य रुपमा कार्ययोजना तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने साथै कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने। | सम्बन्धित सबै मन्त्रालय /निकाय | जनसंख्या तथा वातावरण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७ दिन भित्र |
| २. | स्थानीय तह निर्वाचनको प्रथम चरण प्रारम्भ भईसकेको र दोस्रो चरणको निर्वाचनको मिति समेत तय भईसकेकोले दुवै चरणको निर्वाचनका लागि माग भएका आवश्यक कर्मचारीहरु उपलब्ध गराई निर्वाचनमा सबै मन्त्रालय/निकायहरुले सहयोग पुर्‍याउने। | सबै मन्त्रालय /निकाय | निर्वाचन आयोग | सामान्य प्रशासन मन्त्रालय | - |
| ३. | वेरुजु फछ्यौंट र पूँजीगत खर्चको प्रगति अवस्था आशातित रुपमा अगाडी बढेको नदेखिएकाले सम्बन्धित सबै मन्त्रालय निकायले लक्ष्य अनुरुपको प्रगति हासिल हुने गरी कार्य गर्ने। | सम्बन्धित मन्त्रालय /निकाय | महालेखा नियन्त्रकको कार्यालय र अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर |
| ४. | मन्त्रिपरिषद्मा पेश गरिने प्रस्तावहरुको गुणस्तरमा अझै पनि सुधार हुन नसकेको देखिएकोले प्रस्ताव तयार गर्दा सम्बद्ध मन्त्रालय/निकायहरुको राय/सुझावको पर्याप्त विश्लेषण गरी प्रस्तावको गुणस्तरमा विशेष ध्यान दिने। | सबै मन्त्रालय /निकाय | - | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर |

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

मुख्य सचिव